बागमती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
झुर्झुरे, मकवानपुर
बागमती प्रदेश, नेपाल

☎ ९८५५०८८४६६
☎ ९८५५०७२०७२

प.सं. : २०७७/०७८
च.नं. :

मिति : २०७७/०५/१०

विषय : **सूचना! सूचना!! सूचना!!!**

प्रस्तुत विषयमा यस गा. पा. को मिति २०७७/०५/१० गतेको विपद व्यवस्थापन समितिको निर्णय अनुसार २०७७/०५/१५ सम्म निम्न बुंदाहरु निर्णय कार्यान्वयन गर्न गराउनुहुन सर्वसाधारण नागरिकहरु र सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाहन गरिएको छ । सुचनामा उल्लेखित कुराहरुको उल्लंघन गर्न जोकोही माथि कानूनी कारवाईको दायरामा ल्याउने समेत जानकारी गराउन चाहान्छौं ।

............................
राम प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

Email: bagmatimun.makwanpur@gmail.com, Website: www.bagmatimunmakawanpur.gov.np

**प्रस्तावहरु:-**

१. पूर्णरुपमा आवतजावत बन्द गर्ने।
२. आइसोलेसन व्यवस्थापन गर्ने।
३. मास्क प्रयोग अनिवार्य रुपमा पालना गर्ने।
४. अतिआवश्यक पसल बाहेक अन्य पसल बन्द गर्ने ।
५. पि. सि. आर. जाँच गर्ने।
६. विविध।

**निर्णयहरु:**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा अनावश्यक रुपमा हिडडुल गर्ने गाडी, अटो, बाईक जस्ता सवारीसाधनलाई आवतजावतमा पूर्णरुपमा बन्द गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आईसोलेसन व्यवस्थापन तथा मेडिकल अफिसरको लागि कृषिपशु भवनमा सेट सहितको आईसोलेसन बेड निर्माण गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा अनिवार्य रुपमा मास्क प्रयोग गर्ने /गराउने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा खाद्यान्न जस्ता पसलहरु (औषधि पसल र अत्यावश्यक सेवा बाहेकक पसलहरु) बिहान ६ देखि देखि ८ बजे सम्म खोल्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा जनप्रतिनिधि, कर्मचारी तथा शंकास्पद व्यक्तिहरुको पि. सि. आर. जाँच गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा बैंक, उद्योग, कलकारखाना, यातायात २०७७ भाद्र ३ देखि १० गते सम्म पूर्ण रुपमा बन्द गर्ने निर्णय गरियो ।